# प्रदेश लोक सेवा आयोग

## सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

**(प्रशासन, योजना तथा सूचना प्रकाशन शाखा)**

**प्रदेश निजामती सेवा तर्फ सहायकस्तर पाँचौं तहका प्राविधिक पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना**

**सूचना नं. १७/२०८१-०८२** **मितिः- २०८१।११।१२**

आयोगको मिति २०७९।०९।२७ मा प्रकाशित सूचना अनुसार बढुवाका लागि छुट्याइएका देहायका पदमा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नु पर्ने भएकोले सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ३२, ३७ र ३७ क बमोजिम हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८१।१२।१७ गते सम्ममा दरखास्त पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। ज्येष्ठताको गणना सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९को दफा ३४,३७ र३७क बमोजिम हुनेछ। दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट https://psc.sudurpashchim.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्ट रुपमा भरी दरखास्त पेश गर्ने अन्तिम मिति भित्र प्रदेश लोक सेवा आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

## उम्मेदवारले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरू:

१. सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा १७ र दफा ३० बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने ।
२. दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश निजामती किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने।
३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने।
४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेश गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्ने र सुदूरपश्चिम प्रदेश तहमा समायोजन भएको पत्र पेश गर्नुपर्ने ।
५. ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका आधारहरु सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ३७ र ३७क बमोजिम र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका आधारहरु सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ३२ बमोजिम हुनेछ।
६. बढुवाको लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा २९ र सुदूरपश्चिम प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम ९१, ९२, ९३ र ९४ बमोजिम हुनुपर्ने।
७. बढुवा सम्बन्धी अन्य व्यवस्था सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ र सुदूरपश्चिम प्रदेश निजामती सेवा नियमावली, २०८१ बमोजिम हुने।

## क) ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १ | १/२०८१-८२ | बागवानी प्राविधिक, कृषि,बागवानी | १ |
| २ | २/२०८१-८२ | मत्स्य प्राविधिक , कृषि, मत्स्य | १ |
| ३ | ३/२०८१-८२ | बाली प्राविधिक, कृषि, बालीसंरक्षण | १ |
| ४ | ४/२०८१-८२ | माटो प्राविधिक, कृषि, माटोबिज्ञान | १ |
| ५ | ५/२०८१-८२ | रेन्जर, वन, जनरल फरेष्ट्री | ६ |
| ६ | ६/२०८१-८२ | भू-संरक्षण सहायक, वन, स्वायल एण्ड वाटर कन्जरभेसन | १ |
| ७ | ७/२०८१-८२ | कम्प्युटर अपरेटर, विविध | २ |

## ख) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १ | ८/२०८१-८२ | रेन्जर, वन, जनरल फरेष्ट्री | ३ |
| २ | ९/२०८१-८२ | कम्प्युटर अपरेटर, विविध | १ |

**दरखास्त दस्तुरः** सहायकस्तर पाँचौं तहका लागि रु. ४०० (चार सय रुपैयाँ)

**दरखास्त दस्तुर बुझाउने स्थानः** राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००१००२०००१००००

**कार्यालय कोडः** २१०००७७०१७ (प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेश)

**राजस्व शीर्षक नं .** १४२२४मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्ने ।

**थप जानकारीका लागिः** ०९१-५२७६००

Website:- http://psc.sudurpashchim.gov.np E-mail: :- ppsc.p7@gmail.com

*पुनश्चः मिति २०७९।०९।२७ मा प्रकाशित सूचना अनुसार अन्तर सेवा र आन्तरिक प्रतियोगिताका लागि छुट्याइएका पदहरुको हकमा कानून बमोजिम पदपूर्तिका लागि अर्को सूचना प्रकाशन गरिनेछ ।*